३६६

२०६५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४४९/२०७१/०७२

जिल्ला सुनसरी दुहवी भलुवा नगरपालिका वडा नं. २ प्रास्टोकी स्थायी ठेगाना भएको वर्ष ४३ को कुलदिप चौधरी ..............................................................................................१ उजुरीकर्ता

## विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख) दुहवी भलुवा नगरपालिकाको कार्यालय, सुनसरी ............१ विपक्षी

सूचना अधिकारी, दुहवी भलुवा नगरपालिकाको कार्यालय, सुनसरी .................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला सुनसरी दुहवी भलुवा नगरपालिका वडा नं. २ प्रास्टोकी स्थायी ठेगाना भएको वर्ष ४३ को कुलदिप चौधरीले दुहवी भलुवा नगरपालिकाको कार्यालय, सुनसरी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।१५ मा उजुरी गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैंन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना उजुरीकतालाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी दुहवी भलुवा नगरपालिकाको कार्यालय, सुनसरीका कार्यकारी अधिकृत (कार्यालय प्रमुख) र सूचना अधिकारीका नाममा यो आदेश जारी गरिएको छ । उजुरीकर्ताको उजुरीको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी उजुरीकर्तालाई दिनू ।

## तपसिल

१. वडा नं. २ प्रास्टोकीका जनता मयावतीदेखि कृष्णमन्दिर हुँदै नहरसम्मको सडक निर्माण उपभोक्ता समितिको शुरुदेखि सम्पन्नसम्मको सवै माइन्यूटको प्रमाणित प्रतिलिपि ।

२. नेपाली भाषामा सर्वसाधारणले वुझ्न सक्ने गरी लागत स्टिमेट तथा हालसम्मको योजना मुल्याँकन प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

यस मन्त्रालयका लागि आ.व. २०७०/०७१ र २०७१/०७२ मा लोक सेवा आयोगबाट सिफारिस भई आएका व्यक्तिहरुलाई कुन कुन कार्यालय र स्थानमा पद स्थापना गरिएको हो सो विवरणको प्रमाणित प्रतिलिपिहरु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।

राष्ट्रिय सूचना आयोग
२०६५